# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, भदौ १० गते २०४८ साल (संख्या २०

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

#### सिंहदरवार सचिवालय पुनः निर्माण समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४८

सिंहदरवार सचिवालय पुनः निर्माण समिति (गठन) आदेश, २०३० लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन ,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "सिंहदरवार सचिवालय पुनः निर्माण समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सिंहदरवार सचिवालय पुनः निर्माण समिति (गठन) आदेश, २०३० को दफा १२ मा संशोधन : सिंहदरवार सचिवालय पुनः निर्माण समिति (गठन) आदेश, २०३० को दफा १२ मा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,

सन्तबहादुर राई

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयका अतिरिक्त सचिव श्री योगेन्द्रनाथ ओझालाई मिति २०४८।४।१७ देखि विशेष प्रहरी विभागको मुख्य अधिकृतको पदमा कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

## सूचना २

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सामान्य प्रशासन मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव श्री अम्बिकाभक्त शर्मालाई मिति २०४८।४।२३ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको का.मु.सचिव

## लोक सेवा आयोगको सूचना

लोक सेवा आयोगले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०२ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० र लोक सेवा आयोग (कार्यविधि) नियमहरू, २०२७ को परिधिभित्र रही उम्मेदवारको उपयुक्तता जाँच्ने कार्यको लागि भएको अधिकार प्रत्यायोजनको म्याद २०४८ साल आषाढ मसान्तमा समाप्त भएकोले पुनः २०४९ साल आषाढ मसान्त सम्मको लागि साविक बमोजिम नै अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
रामकृष्ण श्रेष्ठ
का. मु. सचिव
लोक सेवा आयोग



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

202